## सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना।

**(प्रकाशित मितिः २०८३/०५/१६)**

यस लुम्बिनी प्राविधिक विश्वविद्यालयमा कार्यरत सम्पूर्ण पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण तोकिएको समयभित्र पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको व्यहोरा विदितै छ।

तसर्थ, सम्पूर्ण पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले आ-आफ्नो सम्पत्ति विवरण फाराम पूर्ण रूपमा भरी तल उल्लेखित शर्तहरू पालना गरी यस सूचना प्रकाशित भएको मितिले २ (दुई) दिन भित्र (अर्थात् मिति २०८३/०५/१८ गते कार्यालय समय भित्र) यस विश्वविद्यालयको प्रशासन शाखामा अनिवार्य रूपमा दर्ता गराउनुहुन सूचित गरिन्छ।

**सम्पत्ति विवरण बुझाउँदा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरूः**

१. सम्पत्ति विवरण फाराम पूर्ण रूपमा भरी अनिवार्य रूपमा खामबन्दी (Seal) गरिएको हुनुपर्नेछ। खुला रूपमा ल्याइएको फाराम बुझिने छैन।
२. बन्द गरिएको खामको बाहिरी भागमा देहायका विवरणहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछः

आफ्नो पूरा नाम
पद
स्थायी ठेगाना
सम्पर्क नम्बर (मोबाइल/फोन)

**पुनश्चः** तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको हकमा प्रचलित कानून (भ्रष्टाचार निवारण ऐन, २०५९) बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

..............
डा. निरज के.सी.
नि. प्रमुख/डिन